# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ साउन २० गते

### डा. गोविन्द के.सी. को जीवन रक्षा गर्न तथा विगतमा भएका संझौता कार्यान्वयन गर्न आग्रह

चिकित्सा शिक्षा क्षेत्रमा सुधारको माग गर्दै गत साउन ९ गतेदेखि आमरण अनसनमा रहनु भएका डा. गोविन्द के.सी. को स्वास्थ्यको अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट निरन्तर अनुगमन भइरहेको छ । यसै सन्दर्भमा आयोगले आजै निजको जीवन रक्षाको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र स्वास्थ्य मन्त्रालयलाई पत्राचार गरको छ ।

निजको जीवन रक्षाका लागि आवश्यक सम्पूर्ण उपाय अवलम्वन गर्न तथा स्वास्थ्य सेवा सुधारको लागि राखिएका उचित मागहरू एवं निजसँग यसपूर्व नेपाल सरकारको तर्फबाट भएको विभिन्न मितिका सम्झौताहरू अक्षरशः पालना गर्न, गराउन तथा एउटै विषयको सम्वन्धमा पटक-पटक अनसनमा वस्नुपर्ने जस्तो परिस्थिति सृजना हुननदिन आयोग नेपाल सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547873, G.P.O. Box: 9182, Kathmandu. Nepal
Email: nhrc@nhrcmp.l.org, Website: ww.nhrcnapal.org